नेपाल सरकार

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(प्रारम्भिक बालविकास शाखा)

सानोठिमी,भक्तपुर

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर

प.सं. २०७९/०८०

मिति :- २०७९।०९।२५

च.नं.: ९४

**विषय : शिशु विकास केन्द्र, पूर्वप्राथमिक कक्षाको सञ्चालन र कक्षा १ मा विद्यार्थी भर्ना सम्वन्धमा ।**

श्री स्थानीय तह सवै

श्री शिक्षा विकास तथा समन्वय इकाई सवै

प्रसतुत विषयमा गर्भावस्थादेखि ८ वर्षसम्मको उमेर प्रारम्भिक बालविकासको समय भएको र यस उमेर समूहका बालबालिकालाई सर्बाङ्गीण विकास हुने खालका क्रियाकलापहरुमा बढी संलग्न गराउनु पर्ने हुन्छ ।राष्ट्रिय शिक्षा नीति ,२०७६, अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन, २०७५ र सोको नियमावली २०७७, शिक्षा ऐन ,२०२८ र नियमावली, २०५९ विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ र आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६ ले शिशुविकास केन्द्र, प्रारम्भिक बालविकास/पूर्व प्राथमिक शिक्षा र आधारभूत तह (कक्षा १-३) मा बालबालिकाको भर्ना, विकास तथा सिकाइ क्रियाकलाप सञ्चालन, विकास तथा सिकाइको मूल्याङ्कन एवम् स्तरीकरण सम्वन्धमा स्पष्ट मार्गदर्शन गरेको छ ।जस अनुसार ४ वर्ष उमेर पूरा नगरेका बालबालिकाको निमित्त शिशुविकास केन्द्र र चार वर्ष पूरा भई पाँच वर्ष ननाघेका बालबालिकाको सर्वाङ्गीण विकासका लागि १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था रहेको छ । तर शिशु विकास केन्द्रको अवधारणा अनुसार स्थापना भएका मण्टेश्वरी र संस्थागत विद्यालयका पूर्व प्राथमिक कक्षाहरुमा बालबालिकाको सर्वाङ्गीण विकास हुने क्रियाकलाप नगरी पढाउने, घोकाउने तथा कण्ठ गराउने एवम् यस्तै प्रकृतिका गृहकार्य दिने र कतिपय विद्यालयहरुले कक्षा १ मा भर्नाको लागि प्रवेश परीक्षा लिने, प्रवेश परीक्षाका लागि भनेर विभिन्न ठाउँमा तयारी कक्षाका नाममा बालबालिकाहरुलाई महिनौं देखि घोकाउने कण्ठ गराउने जस्ता बालबालिकाको सृजनात्मकता र अन्तर्निहित प्रतिभामा हानी पुग्ने जस्ता कार्य हुने गरेको भनी यस क्षेत्रका सरोकारवाला र विज्ञहरुसमेतबाट गुनासो प्राप्त भएको हुँदा मण्टेश्वरी र संस्थागत विद्यालयका पुर्व प्राथमिक कक्षामा बालबालिकाको सर्बाङ्गीण विकास हुने क्रियाकलाप मात्र सञ्चालन गर्ने व्यवस्था मिलाउनु हुन र कक्षा १ मा भर्नाका लागि प्रवेश परीक्षा लिने र सोसँग सम्वन्धित तयारी कक्षा सञ्चालन गर्ने जस्ता कार्य यदि भएका भए आ-आफ्नो क्षेत्रभित्र अनुगमन गरी यस्ता कार्य हुन नदिन र भर्नाका लागि अन्य उपयुक्त विधि अवलम्वन गर्न लगाउन सम्वन्धित सवै स्थानीय तह (गाउँपालिका/नगरपालिका र जिल्ला समन्वय समिति) तथा आवश्यक समन्वय र सहजीकरणका लागि सवै शिक्षा विकास तथा समन्वय इकाईहरुलाई निर्णयानुसार अनुरोध छ ।

..................

(धनसूदन चौलागाईं)

शाखा अधिकृत